नेपाल सरकार

# गृह मन्त्रालय

**सिलवन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७३/८/२)**

यस मन्त्रालयको लागि केही संख्यामा डेक्सटप कम्प्युटर, प्रिन्टर तथा सवारी साधन (मोटरसाइकल) बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने हुँदा इजाजत प्राप्त कम्पनी वा निर्माता कम्पनीका अधिकृत प्रतिनिधि वा बिक्रेताहरूबाट के कति दरमा आपूर्ति गर्न सकिन्छ सम्पूर्ण व्यहोरा खोली देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टा छुट्टै गोप्य शिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

**बोलपत्र सम्वन्धी शर्तहरु**

१. बोलपत्र फाराम फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्र, आ.व. ०७२।०७३ सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न राखि तपसिल बमोजिमको बोलपत्र दस्तुर बुझाई प्राप्त गर्न सकिने छ ।

२. बोलपत्रदाताले फाराम साथ सि.नं. १ मा उल्लिखित कागजातहरुको अतिरिक्त खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

३. देहाय अनुसारको बोलपत्र जमानत वापतको रकम फारामसाथ स्वीकृतप्राप्त वाणिज्य बैंकबाट कम्तीमा १२० दिन म्याद भएको शर्तरहित बैंक जमानी पत्र (विड वण्ड) वा को.ले.नि.का.काठमाडौं, भुक्तानी केन्द्र नं. ४ को सिंहदरवारस्थित एभरेष्ट बैंक लि.मा रहेको धरौटी खाता नं. १३५००१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

४. दर्ता हुन आएका शिलबन्दी फारामहरु यस मन्त्रालयमा बोलपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन । फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

५. बोलपत्र सम्बन्धी अन्य शर्तहरु फाराममा उल्लेख गरिए वमोजिम हुनेछन् ।

६. अन्य थप केही कुराहरु बुझ्न परेमा यस मन्त्रालयको आन्तरिक व्यवस्था "क" शाखामा कार्यालय समय भित्र सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

७. सो सम्बन्धी अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) र सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित कानून अनुसार हुनेछ ।

| प्याकेज नं. | विवरण | फाराम दस्तुर रू. ( सम्वन्धित कार्यालयको आ.प्र.शाखा बाट) फिर्ता नहुने | बोलपत्र जमानत वापतको रकम | फाराम उपलब्ध हुने स्थान र मिति | फाराम दर्ता गर्न सकिने स्थान, मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| ४ | डेक्सटप कम्प्युटर र प्रिन्टर | १०००।- (एक हजार) | २५,०००।०० | सूचना प्रकाशन भएको मितिले ३०औं दिनसम्म कार्यालय समय भित्र गृह मन्त्रालय वा अध्यागमन विभाग, कालिकास्थान | गृह मन्त्रालय, सूचना प्रकाशन भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाशन भएको मितिले ३१औं दिनको २:०० बजे |
| ५ | सवारी साधन (मोटरसाइकल) | १०००।- (एक हजार) | ६०,०००।०० | सूचना प्रकाशन भएको मितिले ३०औं दिनसम्म कार्यालय समय भित्र गृह मन्त्रालय वा अध्यागमन विभाग, कालिकास्थान | गृह मन्त्रालय, सूचना प्रकाशन भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म | सूचना प्रकाशन भएको मितिले ३१औं दिनको २:०० बजे |

श्रेष्ठ
०७३।८।१
शाखा अधिकृत